# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८३ जेठ देखि २०८३ साउन मसान्त सम्म

सामाजिक विकास मन्त्रालय

धनगढी, कैलाली

# निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले परिकल्पना गरेअनुरुपका तीन तहका राज्य संरचना मध्ये प्रदेश तहको सुदूरपश्चिम प्रदेशमा पर्ने सामाजिक विकास मन्त्रालय सामाजिक क्षेत्रसंग प्रत्यक्ष एवम परोक्ष सरोकार राख्ने महत्वपूर्ण मन्त्रालय हो । नेपालको संविधानको धारा १६८ मा रहेको प्रदेश मन्त्रिपरिषद्को गठन सम्बन्धी व्यवस्था अनुरुप प्रदेश मन्त्रिहरुका कामकारवाही संचालन गर्न मन्त्रालय गठन हुने क्रममा मिति २०७४/१०/२८ गते यो मन्त्रालय स्थापना भई निरन्तर संचालनमा रहेको छ । यस मन्त्रालयका कार्य क्षेत्रहरु देहाय बमोजिम रहेका छन्:

- शिक्षा
- स्वास्थ्य
- महिला तथा बालबालिका
- सामाजिक सुरक्षा
- युवा तथा खेलकुद
- श्रम तथा रोजगार
- भाषा, संस्कृति, साहित्य, ललितकला, पुरातत्व

प्रादेशिक स्तरमा नेपालको संविधानको सफल कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने सन्दर्भमा शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगार जस्ता सामजिक क्षेत्रका विषयहरू महत्वपूर्ण पक्षको रुपमा रहेका छन ।

नेपालको संविधानले प्रत्याभूत गरेका शिक्षा सम्बन्धी मौलिकहकहरूको सुनिश्चितता गर्न र सवै नागरिकहरूलाई शिक्षाको अवसर उपलब्ध गराउन राज्यको दायित्व रहेको छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न संघीय सरकारले लिएका नीति अनुरुप प्रादेशिक स्तरमा शिक्षा, विज्ञान र प्रविधिको उचित विकास गर्नु पर्ने आवश्यकता रहेको छ । विद्यालय शिक्षामा पहुँच र समताको क्षेत्रमा भएको प्रगतिलाई दिगो रूपमा निरन्तरता दिई गुणस्तर र शैक्षिक सुशासन अभिवृद्धि गर्न आवश्यक रहेको छ । बढ्दो बेरोजगारीको समस्यालाई समाधान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच र गुणस्तरमा वृद्धि गर्न जरूरी देखिएको छ । त्यस्तै उच्च शिक्षालाई अनुसन्धानमूलक र अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाई यसको विस्तार र गुणस्तर अभिवृद्धि गर्न आवश्यक देखिएको छ ।

युवा राष्ट्रिय परिवर्तनको संवाहक हुन् । देश निर्माणका लागि आगामी दिनमा युवाको भूमिका अझ बढ्दै जाने कुरा निश्चित छ । युवाशक्ति राष्ट्रशक्ति, युगशक्ति र समयशक्ति पनि हो । कर्मशील युवा कुनै पनि राष्ट्रको भाग्यनिर्माता हुन्छ । उद्यमशील युवा नै उज्ज्वल भविष्यको आधारस्तभ हो । तर त्यसका लागि युवाहरू मानसिक शारीरिक संवेगात्मक सामाजिक विकास भएको हुनु पर्दछ । तब मात्र युवाहरुले समाजका लागि आवश्यक सेवा गर्न सक्छन् । युवाहरुलाई चलायमान बनाउन आधार नै खेलकुद हो । त्यसैले खेलकुदप्रति सकारात्मक चिन्तन प्रवाह गराउन सक्नु पर्दछ अनि मात्र उसमा शारीरिक तथा मानसिक तन्दुरुस्ती हुनेछ जसले

देश निर्माणमा अहम् योगदान दिन सक्छ । युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक शर्त, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह-अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रर्वधन गर्नु आजको आवश्यकता देखिन्छ ।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नुका साथै स्वास्थ्यलाई संघ, प्रदेश तथा स्थानीय तहको क्षेत्राधिकारभित्र राखेको छ । त्यस्तै गरी, तथ्याङ्क व्यवस्थापनलाई संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्र राखेको हुनाले जनसंख्यासम्बन्धी विषयसमेत तीन वटै तहअन्तर्गत पर्ने देखिन्छ । जन्मदाको अपेक्षित आयु वर्ष क्रमशः बढ्ने क्रममा रहेको हुँदा जनसंख्या व्यवस्थापनको क्षेत्रमा केही प्रगति भएको छ । जनसंख्या विकासको आधार तथा प्रयोगकर्ता भएको र जनसंख्या विषय विकासको अन्तरसम्बन्धीत विषय भएको हुनाले विश्वव्यापी दिगो विकासका सबै लक्ष्यहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा जनसंख्यासँग सम्बन्धीत रहेका छन् । राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा स्वास्थ्य बीमा ऐनअनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकलाई भरपर्दो तथा दिगो वित्तीय व्यवस्थापनमार्फत् गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउनु आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रमलाई देशव्यापी रूपमा कार्यान्वयन गरिने छ । सेवा प्रवाहमा विषयगत क्षेत्र तथा अन्य बहुसरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्नुपर्ने देखिन्छ । सेवा प्रवाहको समग्र विषयलाई प्रभावकारी रूपमा नियमन गर्नु अपरिहार्य छ । स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूलाई विद्यमान संवैधानिक व्यवस्थानुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक नीतिगत व्यवस्थासमेतका आधारमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन युनिर्भसल हेल्थ कभरेजको अवधारणालाई कार्यान्वयन गरिएको छ । जनसंख्याका कार्यक्रमहरू राष्ट्रिय जनसंख्या नीति, जनसंख्यासम्बन्धी दीर्घकालीन योजना तथा थप नीतिगत व्यवस्थामार्फत संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्नेगरी कार्यान्वयन गरिनेछ । नेपाल सरकार, बाह्य विकास साझेदार, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाहमा भइरहेको प्रयासबाट आम जनताको पहुँच र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि भई स्वास्थ्यसम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ ।

नेपालको संविधानले महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने लगायतका मौलिक हकको प्रत्याभूति गरेको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भएको छ । लैङ्गिक हिंसामा परेकाहरूका लागि तत्काल उद्धार, औषधि उपचार, कानुनी सहायता तथा पुनस्थापनाका कार्यहरू भैरहेका छन् भने सुदुरपश्चिम प्रदेशमा मानव बेचविखन तथा लैंगिक हिंसामा परेका महिलाहरुका लागि दिर्घकालिन पुनर्स्थापना केन्द्र संचालनमा ल्याउने कार्यक्रम रहेको छ । नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धी भएका व्यवस्था, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धीत अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धता अनुसारका बाल संरक्षण र बालविकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । ज्येष्ठ नागरिकहरूको लागि संविधानले प्रत्याभूत गरेको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्न यस प्रदेशमा कार्यक्रमहरु अगाडी

बढाइने छन् ।नेपाल सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । ज्येष्ठ नागरिकहरुको मानव अधिकारको संरक्षणका लागि यस प्रदेशमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लाई सुदृढीकरण गरिनेछ । मन्त्रालयमा अपाङ्गता सहायता कक्ष संचालनमा आएको तथा अपाङ्गता सहायक सामग्री वितरणको व्यवस्था भएको छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । गरिबी निवारण र आर्थिक विकासका लागि बजारको माग अनुसारको सीपमूलक मानव संसाधनको विकास गर्नु आजको आवश्यकता हो । उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोग मार्फत कृषि क्षेत्रमा विद्यमान अधिक अनुत्पादक श्रमशक्तिलाई विभिन्न सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुन सक्छ । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् । आन्तरिक श्रम बजारको प्रशोधन क्षमता कमजोर भएकोले विभिन्न उत्पादनमूलक, सीपमूलक तथा व्यवसायजन्य तालिम संचालन गरी बजारको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न सके गरिबी निवारण र मानव विकासको पाटो सकारात्मक हुने देखिन्छ ।

## निकायको काम, कर्तव्य र अधिकार

सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको काम, कर्तव्य र अधिकार यस प्रकार छः-

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन;
३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम तथा छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण;
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन;
६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन;
७. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन;
८. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;
९. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना, तर्जुमा, कार्यान्वयन र नियमन;
१०.प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन;

११.स्वास्थ्यसेवा सम्बन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता, संचालन अनुमति र नियमन;

१२.प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन;

१३.राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रामूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, संचालन, अनुमति र नियमन;

१४.राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, संचालन, अनुमति र नियमन;

१५.खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन;

१६.राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन;

१७.प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवश्रोत विकास र व्यवस्थापन;

१८.औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण;

१९.खोप र परिवार नियोजन;

२०.संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन;

२१.प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह;

२२.प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन;

२३.सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन;

२४.स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन;

२५.सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम;

२६.राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन;

२७.स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन;

२८.आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन;

२९.प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा संचालन, संभार र नियमन;

३०.खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;

३१. सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता;

३२. जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र संचालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय;

३३. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;

३४. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन;

३५. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान;

३६. लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक परिक्षण;

३७. बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थार्पना;

३८. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन;

३९. समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन;

४०. युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन;

४१. खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन;

४२. खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन;

४३. राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता;

४४. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन;

४५. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य;

४६. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय;

४७. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी;

४८. भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;

४९. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन;

५०.प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, संचालन तथा व्यवस्थापन;

५१.प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड, तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण;

५२.धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको संचालन र व्यवस्थापन;

५३.संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन;

५४.रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति तथा कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;

५५.श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा टेड्र युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन;

५६.श्रमशक्ति, श्रम बजार, सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना;

५७.औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण;

५८.कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन;

## प्रशासन तथा योजना महाशाखा

**महाशाखा प्रमुखको नामः श्री कोमल प्रसाद ओझा**
**सम्पर्क नं. ९८६५६२९६१७**

# सामाजिक विकास मन्त्रालयको संगठन संरचना



## सामाजिक विकास मन्त्रालयमा र मातहत कार्यालयमा कार्यरत तथा रिक्त दरबन्दी विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | ५४ | ४४ | १० | |
| २ | शिक्षा विकास निर्देशनालय | ३५ | २४ | ११ | |
| ३ | स्वास्थ्य निर्देशनालय | ३२ | १८ | १४ | |
| ४ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १७ | १२ | ५ | |
| ५ | शिक्षा तालिम केन्द्र डोटी | १७ | ६ | ११ | |
| ६ | सेती प्रादेशिक अस्पताल, धनगढी | १०६ | ५१ | ५५ | |
| ७ | महाकाली प्रादेशिक अस्पताल, कञ्चनपुर | १०० | ४९ | ५१ | १ |
| ८ | जोगबुढा प्रादेशिक अस्पताल डडेल्धुरा | १४६ | ० | १४६ | |
| ९ | लम्कीचुहा प्रादेशिक अस्पताल कैलाली | १४६ | ० | १४६ | |
| ११ | टीकापुर अस्पताल | ५९ | २६ | ३३ | १ |
| १२ | जिल्ला अस्पताल डोटी | ३० | १५ | १५ | |
| १३ | जिल्ला अस्पताल अछाम | २२ | ११ | ११ | |
| १४ | जिल्ला अस्पताल दार्चुला | २२ | १५ | ७ | १ |
| १५ | जिल्ला अस्पताल बैतडी | २२ | ९ | १३ | १ |
| १६ | जिल्ला अस्पताल बझाङ्ग | २२ | १३ | ९ | |
| १७ | जिल्ला अस्पताल बाजुरा | १८ | ११ | ७ | |
| १८ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १४ | ६ | ८ | |
| १९ | स्वास्थ्य तालिम केन्द्र | १३ | ९ | ४ | |
| २० | स्वास्थ्य कार्यालय, कैलाली | १५ | १२ | ३ | |
| २१ | स्वास्थ्य कार्यालय, डडेल्धुरा | १३ | ११ | २ | |
| २२ | स्वास्थ्य कार्यालय, डोटी | १३ | ६ | ७ | |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| २३ | स्वास्थ्य कार्यालय, बझाङ्ग | १२ | ९ | ३ | |
| २४ | स्वास्थ्य कार्यालय, अछाम | १२ | ८ | ४ | |
| २५ | स्वास्थ्य कार्यालय, दार्चुला | १२ | ८ | ४ | |
| २६ | स्वास्थ्य कार्यालय, बैतडी | १२ | ८ | ४ | |
| २७ | स्वास्थ्य कार्यालय, कञ्चनपुर | १२ | १२ | ० | १ |
| २८ | स्वास्थ्य कार्यालय, बाजुरा | ११ | ७ | ४ | |
| 29 | महाकाली आयुर्वेद औषधालय कञ्चनपुर | ६ | ४ | २ | |
| ३० | जिल्ला आयुर्वेद स्वास्थ्य, अछाम | ७ | ३ | ४ | |
| 31 | जिल्ला आयुर्वेद स्वास्थ्य, डोटी | ७ | २ | ५ | |
| ३२ | जिल्ला आयुर्वेद स्वास्थ्य, बाजुरा | ७ | ४ | ३ | |
| ३३ | जिल्ला आयुर्वेद स्वास्थ्य, बझाङ्ग | ७ | ४ | ३ | |
| ३४ | जिल्ला आयुर्वेद स्वास्थ्य, डडेल्धुरा | ७ | ५ | २ | |
| ३५ | जिल्ला आयुर्वेद स्वास्थ्य, बैतडी | ७ | ३ | ४ | |
| ३४ | जिल्ला आयुर्वेद स्वास्थ्य, दार्चुला | ७ | ४ | ३ | |
| | जम्मा | १०४२ | ४२९ | ६१३ | ५ |

## सामाजिक विकास मन्त्रालयको दरबन्दी विवरण र पदपूर्तिको अवस्था

| सि.नं. | पद | सेवा | समुह | श्रेणी/तह | स्वीकृत दरबन्दी संख्या | पदपुर्ति संख्या | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | समुह नहुने | रा.प.प्रथम | १ | ० | १ | |
| २ | उप-सचिव | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| ३ | उप-सचिव | शिक्षा | शिक्षा प्रशासन | रा.प.द्वितीय | ३ | ३ | ० | |
| ४ | उपसचिव लेखा | प्रशासन | लेखा | अधिकृत नवौ | १ | १ | ० | |
| ५ | प्रमुख म.वि.अ. | विविध | विविध | रा.प.द्वितीय | १ | ० | १ | |
| ६ | वरिष्ठ/उप-स्वास्थ्य प्रशासक | स्वास्थ्य | प.हे.ए./ए.चि | नवौ/दशौ | १ | ० | १ | १ संघबाट |
| ७ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई. | नवौ/दशौ | १ | १ | ० | |
| ८ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | ३ | १ | २ | |

| सि.नं. | पद | सेवा | समुह | श्रेणी/तह | स्वीकृत दरबन्दी संख्या | पदपुर्ति संख्या | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ९ | शाखा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | रा.प.तृतीय | ५ | ४ | १ | |
| १० | शाखा अधिकृत | शिक्षा | पुरातत्व | रा.प.तृतीय | १ | ० | १ | |
| ११ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | ० | १ | १ संघबाट |
| १२ | महिला विकास अधिकृत | विविध | | रा.प.तृतीय | २ | २ | ० | |
| १३ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौँ | १ | १ | ० | |
| १४ | क. नर्सिङ अधिकृत | स्वास्थ्य | क.न. | सातौ/आठौ | १ | १ | ० | |
| १५ | वरिष्ठ/जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हे.ई. | सातौ/आठौ | १ | १ | ० | |
| १६ | वरिष्ठ/फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौ/आठौ | १ | १ | ० | |
| १७ | वरिष्ठ/स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य | हे.ए. | सातौ/आठौ | १ | १ | ० | |
| १८ | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अन.प्रथम | ४ | ४ | ० | |
| १९ | प्रा.स. | शिक्षा | शिक्षा प्रशासन | रा.प.अन.प्रथम | ५ | ५ | ० | |
| २० | प्रा.स. | शिक्षा | पुरातत्व | रा.प.अन.प्रथम | १ | ० | १ | |
| २१ | कम्प्युटर अपरेटर (५/६) | विविध | | रा.प.अन.प्रथम | २ | २ | ० | |
| २२ | म.वि.नि. | विविध | | रा.प.अन.प्रथम | २ | १ | १ | |
| २३ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अन.द्वितीय | १ | १ | ० | |
| २४ | ह.स.चा. | | | श्रेणीविहिन | ५ | ५ | ० | करारबाट पदपूर्ति |
| २५ | का.स. | | | श्रेणीविहिन | ८ | ८ | ० | करारबाट पदपूर्ति |
| जम्मा | | | | | ५४ | ४४ | १० | |

# महाशाखा/शाखा अनुसार कर्मचारी विवरण

| महाशाखाको नाम | शाखाको नाम | शाखामा कार्यरत कर्मचारी | मोबाइल नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| मानननीय मन्त्रिज्यूको सचिवालय<br>मन्त्रीः सन्तोष शर्मा थापा | | **स्वकीय सचिवः** | | |
| | | **स्वकीय सचिवः** | | |
| | | **निजी सचिवः** | | |
| **सचिव ज्यूको निजी सचिवालय** | | प्रदेश सचिव - रिक्त | | |
| | | सहायक कम्प्युटर अपरेटर - जनकराज भट्ट | ९८४८७७८५५७ | jnbhatt98557@gmail.com |
| **प्रशासन तथा योजना महाशाखा**<br>**प्रमुख - कोमल प्रसाद ओझा(उपसचिव)** | प्रशासन, योजना तथा अनुगमन शाखा | शा.अ.- जयराज ओझा | ९८४८६४१८३० | |
| | | ईन्जिनियर - रमेश सिंह ऐरी | ९८४८९०१६७५ | |
| | | सब-ईन्जिनियर - | | |
| | | अधिकृत (छैटौं) -सत्य कुमारी जोशी | ९८४८५२६१५१ | dineshkumarg751@gmail.com |
| | | अधिकृत(छैठौं) - कृष्ण दत्त भट्ट | ९८४८५४०७०१ | |
| | | कम्प्युटर अधिकृत (छैटौं) - सुदर्शन जोशी | ९८४८८०९३०८ | |
| | | कम्प्युटर अपरेटर-उमेश भट्ट | ९८४८८७९२३१ | |

| | | | | |
|---|---|---|---|---|
| | कानून तथा फैसला कार्यान्वयन शाखा | कानुन अधिकृत - दान बहादुर सुनार | ९८४८७७९१४७ | dbscourt@gmail.com |
| | श्रम तथा रोजगार शाखा | शा.अ. - | | |
| | | सहायक पाँचौ - चम्पा कुमारी जोशी | ९८६७३१५२१४ | joshichampa20@gmail.com |
| | | सहायक कम्प्युटर अपरेटर - जनकराज भट्ट | ९८४८७७८५५७ | jnbhatt98557@gmail.com |
| आर्थिक प्रशासन तथा बजेट महाशाखा प्रमुखः यज्ञराज लेखक(उपसचिव) | | उपसचिवः यज्ञराज लेखक | ९८४९६५२२०३ | yr.lekhak@gmail.com |
| | | अधिकृत(लेखा) रमेश बहादुर शाह | ९८५८४२५०१२ | |
| **उच्च शिक्षा महाशाखा प्रमुख - लोकेन्द्र प्रसाद भट्ट(उपसचिव)** | उच्च शिक्षा शाखा | प्रा.स. - तुलसी ओझा उप्रेती | ९८४८४२६०४९ | |
| | | | | ojhatulashi32917@gmail.com |
| | विशेष शिक्षा शाखा | व.शि.अ.-धनराज धामी | ९८४१९७५८५५ | |
| | | प्रा.स. - तुलसी ओझा उप्रेती | ९८४८४२६०४९ | |

| | | | | |
|---|---|---|---|---|
| **शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख - जयदेव महरा(उपसचिव)** | शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा | व.शि.अ. - धनराज धामी, | ९८४१९७५८५५ | |
| | | प्रा.स. - युवा डाँगी | ९७४२२४३६०० | |
| | | कम्प्युटर अपरेटर - सुदर्शन जोशी | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा | | | lokendra76bhatta@gmail.com |
| | | प्रा.स. - युवा डाँगी | ९७४२२४३६०० | |
| **अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख - डा.चेतराज जोशी** | अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा | वरिष्ठ/उप स्वास्थ्य प्रशासक – रिक्त<br>डा. निरज अर्याल (कामकाज) | | |
| | | आयुर्वेद चिकित्सक - डा. चेतराज जोशी | ९८४९१०४४४७ | doctorchetjoshi31@gmail.com |
| | | ब./फार्मेसी अधिकृत – अशोक कुमार गुप्ता | | |
| **नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख -रमेश मलाशी** | नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा | वरिष्ठ जनस्वास्थ्य प्रशासक - रमेश मलाशी | ९८४८६९४५३७ | |
| | | व./स्वा.शि.अ. – शिजन आचार्य | | |
| | | क.नर्सिङ अधिकृत – सविना के.सी. | | |
| | | जनस्वास्थ्य अधिकृत शिवराज सुनार (अध्ययन विदा) | | |

| | | | | |
|---|---|---|---|---|
| | | जनस्वास्थ्य निरीक्षक - सन्तोष पाण्डे | ९८५८७४५४१२ | |
| **युवा तथा खेलकुद महाशाखा प्रमुख - जयदेव महरा(उपसचिव)** | युवा तथा खेलकुद शाखा | व.शि.अ. धनराज धामी | ९८४१९७५८५५ | |
| | | प्रा.स. - तुलसी ओझा | ९८४८४२६०४९ | tulashiojha431210@gmail.com |
| | भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा | | | lokendra76bhatta@gmail.com |
| | | प्रा.स. - युवा डाँगी | ९७४२२४३६०० | |
| **सामाजिक विकास महाशाखा प्रमुख - लोकेन्द्र प्रसाद भट्ट** | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | प्रमुख म.वि.अ. - रिक्त | | |
| | | म.वि.अ.- विन्दु कुमारी चटौत | ९८४८७६९०९४ | chabindu1@gmail.com |
| | | अधिकृत (छैटौं) - प्रतिभा श्रेष्ठ | ९८४८४६८९८६ | |
| | बाल अधिकार तथा सामाजिक न्याय शाखा | म.वि.अ. – शान्ति कुमारी पन्त | | |
| | | अधिकृत (छैटौं) - रिक्त | | |
| | | दोभाषे सहजकर्ता - राजेश जोशी | ९७४२४०९९६३ | |

# मन्त्रालयका महाशाखाहरुको कार्यविवरण

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस मन्त्रालयमा निम्न बमोजिमका महाशाखा तथा शाखाहरु रहेका छनः-

## प्रशासन तथा योजना महाशाखा

- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,
- महाशाखाहरुबीच आपसमा समन्वय सम्बन्धी कार्य,

- आर्थिक प्रशासन संचालन सम्बन्धी कार्य,
- वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य ,
- वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- मन्त्रालय र मातहतका निकायहरुको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य,
- अन्य महाशाखालाई नतोकिएको कार्य,

## प्रशासन, योजना तथा अनुगमन शाखा

- प्रशासन, योजना तथा अनुगमन शाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ ,
- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी सृजना, कर्मचारीको कार्य विवरण, नियुक्ति, पदस्थापन, अधिकार प्रत्यायोन,सरुवा, काज,बढुवा, विदा, कार्य सम्पादन मूल्याङ्कन,अवकाशसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने,
- कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही तथा सजायसम्बन्धी कार्य गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति, तालिम, गोष्ठी आदिमा कर्मचारी मनोनयनको लागि सिफारिस तथा विदा स्वीकृतिका निम्ति पेश गर्ने,
- मन्त्रालयको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत, सरसफाई, कार्यालय विन्यास तथा संरक्षण लगायत जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिम मन्त्रालयको वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने,
- मन्त्रालयभित्र कागज धुल्याउने तथा लिलामी सम्बन्धी व्यवस्था गर्ने,
- उजुरी तथा गुनासो सुनुवाई सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको खरिद ईकाइ गठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अर्न्तगतका निकायहरुको निरीक्षण, सुपरिवेक्षण र अनुगमनसम्बन्धी व्यवस्थापन गर्ने,
- कर्मचारी बैठक सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धीत कामको अभिलेख व्यवस्थापन गर्ने,
- मातहतका निकायहरुको सम्पर्क बिन्दु भई काम गर्ने,
- मन्त्रालयको मूल दर्ता चलानी र जनसम्पर्क सम्बन्धी कार्य गर्ने,
- सवारी साधनहरुको व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- मन्त्रालयको Website व्यवस्थापन गर्ने,
- मन्त्रालय र मातहत निकायका नाममा दर्ता कायम जग्गा र भवनहरुको विवरण अद्यावधिक गर्ने,
- अतिरिक्त समूहमा दरवन्दी रही यस मन्त्रालयमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
- अन्य शाखामा नतोकिएका कार्यहरु,

# सेवा प्रवाह गर्ने मातहतका कार्यालयहरुको विवरण

| सामाजिक विकास मन्त्रालय तथा मन्त्रालय मातहत कार्यालयको कार्यालय प्रमुखहरुको विवरण र सम्पर्क नम्बर | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यालय | प्रमुखको नाम | कार्यालय सम्पर्क नं. | मोबाईल नं. | ईमेल |
| १ | सामाजिक विकास मन्त्रालय, धनगढी | डा.निरज अर्याल | ०९१-५२६५६३ | ९८५८४७९६६६ | mosdkailali07@gmail.com |
| २ | स्वास्थ्य निर्देशनालय, दिपायल | डा. खगेन्द्र बम | ०९४-४४००६२ | ९८४८७२६२४३ | phdnseven@gmail.com |
| ३ | शिक्षा विकास निर्देशनालय, दिपायल | श्री दुर्गादत्त बिष्ट | ०९४-४४०३०९ | ९८४८७८०६८८ | rdfwred@gmail.com |
| ४ | शिक्षा तालिम केन्द्र, दिपायल | श्री निर्मला ठगुन्ना | ०९४-४१२०३५ | ९८५२००४०९६ | etcsupa@gmail.com |
| ५ | स्वास्थ्य तालिम केन्द्र, धनगढी | श्री नरेन्द्र सिह कार्की | ०९१-५२४०५७ | ९८४८४२९१२७ | healthtrainingcenter2075@gmail.com |
| ६ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, धनगढी | श्री झनक राज ढुंगाना | ०९१-५९०३७७ | ९८५८४२१११९ | phlmcsp@gmail.com |
| ७ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनगढी | डा.भूषण मिश्र | ०९१-५९०६८४ | ९८६९५४७०३५ | provincelaboratory07@gmail.com |
| ८ | सेती प्रादेशिक अस्पताल, कैलाली | डा. हेमराज पाण्डे | ०९१-५२५९११ | ९८४१५२३४५३ | seti.hospital@gmail.com |
| ९ | प्रादेशिक आयुर्वेद चिकित्सालय कैलाली | डा. ओमप्रकाश कलौनी | ०९१-५२११३५ | ९८५८४८३९४७<br>९८४१९८२१४० | setiz.aaurbed08@gmail.com |
| १० | प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र | तेजबिक्रम शाही | | ९८६५९६५७७५ | healthpromotion22pc@gmail.com |
| | | | **अस्पतालहरु** | | |
| १ | महाकाली प्रादेशिक अस्पताल, कन्चनपुर | डा. जगदिश जोशी | ०९९-५२१३९३ | 9841943586 | mzh.hospital@gmail.com |
| २ | टिकापुर अस्पताल, टिकापुर | डा. रेम कुमार राई | ०९१-५६०४८८ | ९८४१८४४१०९ | tikapurhospital@gmail.com |
| ३ | जिल्ला अस्पताल, अछाम | डा. वेद प्रकाश चौधरी | ०९७-२६००१८ | ९८६९८५८८७२ | achhamhospital@gmail.com |
| ४ | जिल्ला अस्पताल, बाजुरा | डा. हरिश बहादुर मल्ल | ०९७-५४११५४ | ९८६६५४७७१३ | bajuradhospital@gmail.com |
| ५ | जिल्ला अस्पताल, बझाङ | डा. सन्दीप ओखेडा | ०९२-४२१२५५ | ९८५११८४८६४ | dh.bajhang@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जिल्ला अस्पताल, डोटी | नविन काफ्ले | ०९४-४२०२६७ | ९८६०३६७७०७ | dhdoti.hospital01@gmail.com |
| ७ | जिल्ला अस्पताल, बैतडी | अरविन्द जोशी | ०९५-५२०१५१ | ९८५८७७५०३१ | baitadidistricthospital@gmail.com<br>baitadihospital@sudurpashchim.gov.np |
| ८ | जिल्ला अस्पताल, दार्चुला | डा. रबिन्द्र भट्टराई | ०९३-४२०४०८ | 9858753876 | darchulahospital@gmail.com |
| **स्वास्थ्य कार्यालयहरु** | | | | | |
| १ | स्वास्थ्य कार्यालय, कैलाली | श्री रमेश कुँवर | ०९१-५२१६६५ | ९८५१२०४२०४ | dpho71kailali@gmail.com |
| २ | स्वास्थ्य कार्यालय, कन्चनपुर | श्री दिपेन्द्र सिंह रावल | ०९९-५२१२९०,<br>०९९-५२३११६ | ९८४८७२०९४१ | prohealth075@gmail.com |
| ३ | स्वास्थ्य कार्यालय, डडेल्धुरा | श्री केशर बहादुर साउँद | ०९६-४१०११८ | ९८४८५४९८३७ | healthofficeddl019@gmail.com |
| ४ | स्वास्थ्य कार्यालय, बैतडी | श्री सुदिप ओखेडा | ०९५-५२०२३१,<br>०९५-५२०१३६ | ९८४८४५८०५८ | baitadihealthoffice@gmail.com |
| ५ | स्वास्थ्य कार्यालय, दार्चुला | श्री बिरेन्द्र प्रसाद भट्ट | ०९३-४२०१८८ | ९८४१७८५९२२ | dhodarchula3@gmail.com |
| ६ | स्वास्थ्य कार्यालय, डोटी | लोकेन्द्र कुमार कार्की | ०९४-४२००४३,<br>०९४-४२०११९ | ९८४९०५८८१८ | dhodoti1@gmail.com |
| ७ | स्वास्थ्य कार्यालय, अछाम | श्री सिमा थापा | ०९७-६२०२५८ | ९७६५६५८५५१ | healthofficeachham75@gmail.com |
| ८ | स्वास्थ्य कार्यालय, बाजुरा | श्री विनोद धामी | ०९७-५४११६५ | ९८६९९०२७४६ | healthofficebajura@gmail.com |
| ९ | स्वास्थ्य कार्यालय, बझाङ | श्री लाल बहादुर धामी | ०९२-४२१०१८, ०९२-४२१३५६ | ९८४८७२०२०८ | bajhangdho@gmail.com |
| **आयुर्वेद केन्द्रहरु** | | | | | |
| १ | महाकाली आयुर्वेद औषधालय, कंचनपुर | डा. सूर्य उपाध्याय | ०९९-५२१३१६ | ९८४११३७२०८ | mahakaliayurvedaausad@gmail.com |
| २ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, डडेल्धुरा | श्री निसान्त शर्मा | ०९६-४२०१०६ | ९८४८७३३५१३ | dascddl106@gmail.com |
| ३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, बैतडी | डा. ललित नारायण राम | ०९५-६९०४५३ | ९८५८७८९५०२ | dahobaitadi@gmail.com |
| ४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दार्चुला | डा.सुमन सत्याल | ०९३-४२०११४ | ९८४४२१९०८५ | dahcdarchula@gmail.com |
| ५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, डोटी | डा.पुष्पा भुसाल | ०९४-४१२१८९ | ९८६०९०६८३३ | info@dahcdoti.gov.np |
| ६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, अछाम | डा.धर्मराज चौधरी | ०९७-६२०३५९ | ९८६६५१८०२३ | dahcachham@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, बाजुरा | डा.क्रिष्टिना बेलबासे | ०९७-५४११०६ | ९८६१३६३१९५ | dahcbajura7@gmail.com |
| ८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, बझाङ | डा.विजय पुरी | ०९२-४२१०३० | ९८६०४६१०६० | dahc.bajhang7@gmail.com |
| **सामाजिक विकास कार्यालयहरु** | | | | | |
| १ | सामाजिक विकास कार्यालय, कैलाली | श्री कुलराज सोती | 91-520014 | ९८५८७८३२३२ | sdo.kailali@gmail.com |
| २ | सामाजिक विकास कार्यालय, कंचनपुर | श्री भीम बहादुर बुढा | | ९८४८११८१९२ | sdo.kanchanpur@gmail.com |
| ३ | सामाजिक विकास कार्यालय, डडेल्धुरा | श्री मिन बहादुर लामिछाने | | ९८४८४२१७८४ | sdo.dadeldhura@gmail.com |
| ४ | सामाजिक विकास कार्यालय, डोटी | श्री राधाकृष्ण जोशी | | ९८५११९५५२० | sdo.doti1@gmail.com |
| ५ | सामाजिक विकास कार्यालय, अछाम | श्री डम्बर बहादुर रावल | | ९८४८११९४७८ | sdo.achham@gmail.com |
| ६ | सामाजिक विकास कार्यालय, वैतडी | श्री शंकर दत्त जोशी | | ९८६५९०८६४० | sdo.baitadi@gmail.com |
| ७ | सामाजिक विकास कार्यालय, दार्चुला | श्री रामचन्द्र ओझा | ९३-४२०४५८ | ९८६७२६४२७२ | sdo.darchula@gmail.com |
| ८ | सामाजिक विकास कार्यालय, बझाङ्ग | श्री प्रयागराज जोशी | ९८५८४८०६२२ | ९८४३२००२४० | sdo.bajhang@gmail.com |
| ९ | सामाजिक विकास कार्यालय, बाजुरा | श्री अम्बादत्त जोशी | ०९७-५४१३७३ | ९८४८७०९४६७ | sdo.bajura@gmail.com |
| **सीप विकास केन्द्रहरु** | | | | | |
| १ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र कैलाली | श्री भुवनराज पन्त | ०९१-५२११५४ | ९८४८७८३०८७ | vsdtckailali@gmail.com |
| २ | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र कंचनपुर | श्री तर्क राज बिष्ट | ०९९-५२२१३७ | ९८४८६२५९०६ | vsdtckanchanpur7@gmail.com |
| **परिषदहरु** | | | | | |
| १ | प्रदेश युवा परिषद, धनगढी, कैलाली | श्री गजेन्द्र सावद (उपाध्यक्ष) | | ९८५१०६७७१२ | pycsudurpashim@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रदेश खेलकुद परिषद, धनगढी, कैलाली | श्री लोक बहादुर खडका (सदस्य सचिव) | | ९८४८४२१९२२ | sudurpaschimpsc@gmail.com |
| ३ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान, धनगढी, कैलाली | श्री रामचन्द्र नेपाल (कुलपति) | | | sudurpaschimpragya@gmail.com |

## श्रम तथा रोजगार शाखा

**शाखा प्रमुख: जयराज ओझा**
**सम्पर्क नं. ९८४८६४१८३०**
**शाखा सम्पर्क व्यक्ति: चम्पा जोशी**
**सम्पर्क नं. ९८६७३१५२१४**
**श्रम तथा रोजगार शाखाको कार्य विवरण:**

- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन
- सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- ट्रेडयुनियन सम्बन्धी नीति, कानून र नियमन
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध र न्यायिक निरुपण
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन

**गत आ.व. २०८२/०८३ मा श्रम तथा रोजगार शाखावाट सम्पादित मुख्य मुख्य कार्यक्रमहरु**

- उद्यमशीलता तथा वितीय साक्षरता विकास तालिम
- उद्योग प्रतिष्ठानहरुमा कार्यरत श्रमिकहरुको स्वास्थ्य परिक्षण
- उद्योग /प्रतिष्ठानहरुको श्रम अडिट
- योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी अभिमुखीकरण
- बालश्रम न्यूनीकरण सम्बन्धी स्थानीय तहहरुसंग समन्वय, सहकार्य
- रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी त्रिपक्षीय सम्वाद
- कार्यस्थलमा हुने लैंगिक हिसा न्यूनीकरण सम्बन्धी कार्यक्रम
- कार्यस्थलमा कामदारहरुको सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रशिक्षण

- सिप विकास तालिम केन्द्रवाट तालिम प्राप्त व्यक्तिहरुलाई सीप परिक्षण
- उद्योग /प्रतिष्ठानहरुमा कार्यरत श्रमिकको पञ्जकरण
- वैदेशिक रोजगार सम्बन्धी कार्य

# कानून तथा फैसला कार्यान्वयन शाखा

शाखा प्रमुखः दान बहादुर सुनार (९८१२७६१४२९)
शाखाको कार्यविवरणः

- मन्त्रालयसँग सम्बन्धित ऐन, कानूनहरुको परिमार्जनका लागि मस्यौदा पेश गर्ने,
- नयाँ विधेयक तर्जुमा गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरुबाट माग भएबमोजिम कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारी पत्र आदिमा कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालयको तर्फबाट फिरादपत्र, प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ, पुनरावेदन पत्र तयार गरी सम्बन्धित निकायमा पठाउने,
- मन्त्रालयको कार्य क्षेत्रका विषयमा सम्बन्धित अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने,
- मन्त्रालयसँग सम्बन्धित अदालती फैसलाको अभिलेख तथा कार्यान्वयन सम्बन्धी कार्य,
- कानूनले सिर्जना गरेका अन्य जिम्मेवारीहरु सम्बन्धी काम गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**हालमसम् जारी भएका नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड सम्बन्धी विवरणः**

**नीतिः**

- प्रदेश स्वास्थ्य नीति २०७८ – प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको (२०७८ फागुनमा)
- अपाङ्गता सम्बन्धी प्रादेशिक नीति, २०८१ ( मन्त्रिपरिषद्बाट मिति २०८१।७।४ मा स्वीकृत)
- सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ (मन्त्रिपरिषद्बाट मिति २०८१।७।४ मा स्वीकृत)

**रणनीतिः**

- प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८२/८३- २०८६/८७)
- सुरक्षित मातृत्व तथा प्रजननन् स्वास्थ्य रणनीतिक योजना (२०८२/८३- २०८६/८७)
- सुदूरपश्चिम प्रदेश सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यस्थापन निर्देशिका, २०८२

## ऐनः

### क. पारित भएकाः

| क्र.सं | ऐनको नाम | पारित भएको साल | नयाँ तर्जुमा/ संशोधन | कैफियत |
|---|---|---|---|---|
| १. | सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन,२०७६ | २०७६ | नयाँ तर्जुमा | |
| २. | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ | २०७७ | नयाँ तर्जुमा | |
| ३. | सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ | २०७७ | नयाँ तर्जुमा | |
| ४. | प्रदेश जनस्वास्थ्य ऐन, २०७६ | २०७७ | नयाँ तर्जुमा | |
| ५. | प्रदेश बालवालिका ऐन, २०७६ | २०७७ | नयाँ तर्जुमा | |
| ६. | दलित सशक्तिकरण ऐन, २०७८ | २०७८ | नयाँ तर्जुमा | |

### १. नियमः

| क्र.सं | नियमको नाम | पारित भएको साल | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|---|
| १. | सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली, २०७७ | २०७७ | नयाँ तर्जुमा | |

## (गठन) आदेशः

| क्र.सं | नियमको नाम | पारित भएको साल | पारित भएको मन्त्रिपरिषद्/मन्त्रीस्तर | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुदूरपश्चिम प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ | २०७५ | मन्त्रिपरिषदबाट | नयाँ तर्जुमा | |
| २. | सुदूरपश्चिम प्रदेश युवा परिषद्(गठन) आदेश, २०७७ | २०७७ | मन्त्रिपरिषद्बाट | नयाँ तर्जुमा | |
| ३. | प्रादेशिक आयुर्वेद चिकित्सालय व्यवस्थापन समिति गठन आदेश, २०७८ | २०७८ | मन्त्रिपरिषद्बाट | नयाँ तर्जुमा | |

## कार्यविधि/ निर्देशिका/ मापदण्ड/गठन आदेश

| क्र.सं | कार्यविधि/निर्देशिका/मापदण्ड/गठन आदेशको नाम | स्वीकृत साल | स्वीकृत गर्ने | कैफियत |
|---|---|---|---|---|
| १. | गर्भवति र सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई हवाई उध्दार गर्ने सम्बन्धी कार्यविधि,२०७५ | २०७५ | मन्त्रिरिषद | |
| २. | सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६ | २०७६ | मन्त्रिपरिषद | |
| ३. | व्यवसायिक सीपमूलक तालिम संचालन कार्यविधि, २०७५ | २०७५ | मन्त्रिपरिषद | |
| ४. | द्वारिका देवी ठकुरी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०७५ | २०७५ | मन्त्रिरिषद | |

| | | | | |
|---|---|---|---|---|
| ५. | अनुदान तथा सहायता रकम निकासा एवं संचालन कार्यान्वयन कार्यविधि, २०७६ | २०७६ | मन्त्रिपरिषद | |
| ६. | अपांगता समावेशीकरण समन्वय समितिको कार्यविधि, २०७६ | २०७६ | मन्त्रालय | |
| ७. | स्थानीय तहमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण तथा सेवा संचालन कार्यविधि, २०७५ | २०७५ | मन्त्रालय | |
| ८. | स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७५ | २०७५ | मन्त्रालय | |
| ९. | सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७६ | २०७६ | मन्त्रालय | |
| १० | एकिकृत छात्रबृत्ति व्यवस्थापन निर्देशिका, २०७६ | २०७६ | मन्त्रिपरिषद | |
| ११ | आर्थिक रुपले विपन्न नागरिक औषधि उपचार सहायता निर्देशिका, २०७६ | २०७६ | मन्त्रिपरिषद | |
| १२ | महिला सशक्तिकरण कार्यक्रम संचालन निर्देशिका, २०७६ | २०७६ | मन्त्रालय | |
| १३ | अस्पताल सेवा सुदृढीकरण निर्देशिका, २०७६ | २०७६ | मन्त्रालय | |
| १४ | स्वास्थ्य तालिम तथा कार्यक्रम संचालन निर्देशिका , २०७६ | २०७६ | मन्त्रालय | |
| १५ | क्षयरोग, उपचार, प्रेषण व्यस्थापन तथा अनुसन्धान केन्द्र स्थापना तथा संचालन मापदण्ड सम्बन्धी निर्देशिका, २०७६ | २०७६ | मन्त्रालय | |
| १६ | आर्थिक रुपले विपन्न नागरिक औषधि उपचार आर्थिक सहायता निर्देशिका, २०७६ | २०७६ | मन्त्रिरिषद् | |
| १७ | द्रुत प्रतिकार्य टोली (RRT) गठन तथा संचालन निर्देशिका (आ.वं २०७५/७६) | | मन्त्रालय | |
| १८ | सेवा करारमा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६ | २०७६ | मन्त्रालय | |
| १९ | विस्तारित स्वास्थ्य सेवा संचालन तथा अनुगमन सम्बन्धी मापदण्ड, २०७६ | २०७६ | मन्त्रालय | |
| २० | सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ | २०७५ | मन्त्रिपरिषद | |
| २१ | बिशेषज्ञ चिकित्सकको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ | २०७६ | मन्त्रालय | |
| २२ | इन्जिनियर करार सेवा व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड, २०७६ | २०७६ | मन्त्रालय | |
| २३ | संस्कृति तथा महोत्सवको प्रबर्धदन र मन्त्रालय संरक्षणका लागि अनुदान सम्बन्धी मापदण्ड, २०७६ | २०७६ | मन्त्रालय | |
| २४ | समाजकल्याणका क्षेत्रमा काम गर्ने संघसंस्थालाई दिने अनुदान सम्बन्धी मापदण्ड, २०७६ | २०७६ | मन्त्रालय | |
| २५ | अपांगता प्रादेशिक निर्देशन समिति गठन कार्यविधि, २०७६ | २०७६ | मन्त्रिपरिषद् | |

| | | | | |
|---|---|---|---|---|
| २६ | आर्थिक रुपले विपन्न औषधि उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ | २०७७ | मन्त्रिपरिषद | |
| २७ | आइसोलेशन व्यवस्थापन निर्देशिका, २०७७ | २०७७ | मन्त्रालय | |
| २८. | अल्पकालिन सेवा संचालन कार्यविधि, २०७७ | | मन्त्रालय | |
| २९. | संस्कृति संरक्षणका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७७ | २०७७ | मन्त्रालय | |
| ३०. | शोध तथा अनुसन्धान व्यवस्थापन कार्यविधि, २०७७ | २०७७ | मन्त्रालय | |
| ३१. | स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७७ | २०७७ | मन्त्रालय | |
| ३२. | गर्भवती सुत्केरी महिला र ज्यान जोखिममा परेका बिरामीलाई हवाई उध्दार गर्ने सम्बन्धी कार्यविधि, २०७७ | २०७७ | मन्त्रिपरिषद | |
| ३३. | करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन मापदण्ड, २०७७ | २०७७ | मन्त्रालय | |
| ३४. | महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०७७ | २०७७ | मन्त्रालय | |
| ३५. | दलित सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०७७ | २०७७ | मन्त्रालय | |
| ३६. | प्रदेश उच्च शिक्षा अध्ययन कार्यदलको (पहिलो संशोधन)गठन र कार्यविवरण, २०७८ | २०७८ | मन्त्रिपरिषद् | |
| ३७. | अपांगता भएका बालबालिकाहरु पहिचान र उपचार कार्यक्रम संचालन कार्यविधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ३८. | महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि,२०७८ | २०७८ | मन्त्रालय | |
| ३९. | स्थानीय तहसँगको साझेदारीमा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ४०. | प्रदेश युवा प्रतिभा सम्मान कार्यविधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ४१. | सानै छु बढ्न देउ बाल विवाह होइन पढ्न देउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ४२. | प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ४३. | समाज कल्याणका क्षेत्रमा काम गर्ने संघसंस्थालाई दिईने अनुदान सम्बन्धी कार्यवधि, २०७८ | २०७८ | मन्त्रालय | |
| ४४. | प्रादेशिक आयुर्वेद चिकित्सालय व्यवस्थापन समिति गठन आदेश, २०७८ | २०७८ | मन्त्रिपरिषद्बाट | |
| ४५. | संस्कृति संरक्षणका लागि अनुदान सम्बन्धी कार्यविधि,२०७८ | २०७८ | मन्त्रिस्तर | |
| ४६. | बाजा संरक्षणका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७८ | २०७८ | मन्त्रिस्तर | |
| ४७. | युवा महोत्सव संचालन सम्बन्धी कार्यविधि, २०७८ | २०७८ | मन्त्रिस्तर | |
| ४८. | श्रष्टा सम्मान तथा पुरस्कार कार्यविधि, २०७८ | २०७८ | मन्त्रिस्तर | |
| ४९. | सुदूरपश्चिम प्रदेश खेलकुद प्रतियोगिता संचालन निर्देशिका, २०७९ | २०७९ | मन्त्रिस्तर | |
| ५०. | उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०७९ | २०७९ | मन्त्रिस्तर | |

| | | | | |
|---|---|---|---|---|
| ५१. | लक्षित वर्गको लागि सीपमूलक तालिम सञ्चालन तथा औजार उपकरण(वस्तुगत सहायता) हस्तान्तरण कार्यविधि, २०७९ | २०७९ | मन्त्रिस्तर | |
| ५२. | श्रष्टा सम्मान तथा पुरस्कार कार्यविधि, २०८० | २०८० | मन्त्रिस्तर | |
| ५३. | निजामती कर्मचारी आवासीय विद्यालय (व्यवस्थाप तथा सञ्चालन) कार्यविधि, २०८० | २०८० | मन्त्रिपरिषद्‌बाट | |
| ५४ | राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८० | २०८० | मन्त्रिस्तरबाट | |
| ५५. | सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८० | २०८० | मन्त्रिरिषद्‌बाट | |
| ५६. | सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक परीक्षण कार्यविधि, २०८० | २०८० | मन्त्रिपरिषद्‌बाट | |
| ५७. | सहयोगापक्षी सडक मानवमुक्त क्षेत्रमा कार्यरत संघ संस्थालाई दिइने अनुदान सम्बन्धी कार्यविधि,२०८० | २०८० | मन्त्रिस्तरबाट | |
| ५८. | विद्यालय दिवाखाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २०८० | मन्त्रिस्तरबाट | |
| ५९. | सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८० | २०८० | मन्त्रिस्तरबाट | |
| ६०. | वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१ | २०८१ | मन्त्रिस्तरबाट | |
| ६१. | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ | २०८१ | निर्देशक समिति | |
| ६२. | सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८१ | २०८१ | मन्त्रिपरिषद्‌बाट | |
| ६३. | सुदूरपश्चिम प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन कार्यविधि, २०८१ | २०८१ | मन्त्रिपरिषद् | |
| ६४. | करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | २०८१ | मन्त्रिस्तरबाट | |
| ६५ | सुदूरपश्चिम प्रदेश शैक्षिक परामर्श सेवा तथा भाषा प्रशिक्षण सम्बन्धी निर्देशिका, २०८२ | २०८२ | मन्त्रिपरिषद् | |
| ६६. | सुदूरपश्चिम प्रदेश बालकोष सञ्चालन कार्यविधि, २०८२ | २०८२ | मन्त्रिपरिषद् | |

**निर्माण प्रकृयामा रहेका नीति, कानुन तथा योजनाहरु (मिति २०८१ साल माघ ३० गतेसम्म**

(क) **नीति/रणनीति तथा योजनाहरु:**

| क्र.सं. | नीति/रणनीति तथा योजनाको नाम | हालको अवस्था | स्वीकृत/पारित गर्ने निकाय |
|---|---|---|---|
| १. | बालबालिका सम्बन्धी नीति, २०८१ | मन्त्रालयले तयार गरेको प्रारम्भिक मस्यौदाउपर सरोकारवालासँग विभिन्न चरणमा छलफल तथा सुझाव संकलन कार्यक्रम | मन्त्रिपरिषद् |

| | | | |
|---|---|---|---|
| | | सम्पन्न भई प्राप्त सुझावका आधारमा राय परामर्शका लागि पठाउने तयारी भइरहेको । | |
| २. | सुदूरपश्चिम प्रदेशको दश बर्षे प्रादेशिक शिक्षाको योजना | प्रारम्भिक मस्यौदामाथि सुझाव संकलन कार्य भईरहेको | मन्त्रिपरिषद् |
| ३. | प्रदेश श्रम तथा रोजगार नीति | ➢ राय परामर्शका लागि पठाइएको | मन्त्रिपरिषद् |

(ख) <u>बिधेयकहरु:</u>

| क्र.सं. | विधेयकको नाम | हालको अवस्था | स्वीकृत/पारित गर्ने निकाय |
|---|---|---|---|
| १. | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | सुदूरपश्चिम प्रदेश सभाबाट पारित भइसकेको | प्रदेश सभा |
| २. | टिकापुर विज्ञान तथा प्रविधि विश्वाविद्यालय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | ➢ प्रदेश सभामा विधेयक दर्ता भई विचाराधीन अवस्थामा रहेको | प्रदेश सभा |
| ३. | बरघर र भलमन्सा प्रणाली संरक्षण तथा विकास सम्बन्धी विधेयक | ➢ प्रदेश सभामा विचाराधीन | प्रदेश सभा |
| ४. | दलित सशक्तिकरण ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक | ➢ प्रदेश सभामा विचाराधीन । | प्रदेश सभा |
| ५. | सुदूरपश्चिम प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ➢ प्रदेश सरकार (मन्त्रिपरिषद) बाट मिति २०७८।११।२९ मा विधेयक निर्माणका लागि सैद्धान्तिक स्वीकृत प्राप्त भएको।<br>➢ विधेयक मस्यौदा तयार आर्थिक र कानुन मन्त्रालयबाट राय सहमति समेत प्राप्त भईसकेको। | प्रदेश सभा |
| ६. | सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ संशोधन | ➢ प्रदेश सभामा विचाराधीन | |

(ग) <u>नियमावलीहरु:</u>

| क्र.सं. | नीति/रणनीति तथा योजनाको नाम | हालको अवस्था | स्वीकृत/पारित गर्ने निकाय |
|---|---|---|---|
| १. | सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा नियमावली | नियमावलीको प्रारम्भिक मस्यौदा निर्माणको कार्य भइरहेको। | मन्त्रिपरिषद् |
| २. | प्रदेश बालबालिका सम्बन्धी नियमावली | मन्त्रालयले तयार गरेको नियमावलीको प्रारम्भिक मस्यौदामाथि विभिन्न चरणमा सुझाव संकलन कार्य सम्पन्न भई राय परामर्शका लागि पठाउनका लागि मस्यौदा अन्तिम चरणमा रहेको | मन्त्रिपरिषद् |
| | **कार्यविधि/निर्देशिका** | | |
| १. | सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८३ | राय परामर्शका लागि अर्थ र आन्तरिक मन्त्रालयमा गएको | |
| २. | सुदूरपश्चिम प्रदेश छात्रवृत्ति करार चिकित्सक परिचालन निर्देशिका, २०८३ | स्वीकृतिको चरणमा | |

**नयाँ निर्माण गर्नुपर्ने नीति तथा कानूनहरु:**

- बालिका बिमा नीति
- प्रदेश श्रम तथा रोजगार सम्बन्धी विधेयक
- लैंगिक हिंसा निवारण सम्बन्धी विधेयक
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विधेयक
- प्रदेश शिक्षा नीति

# २. उच्च शिक्षा महाशाखा

**महाशाखा प्रमुखको नामः- लोकेन्द्र प्रसाद भट्ट**

**सम्पर्क नम्बरः- ९८५११५८०७२**

**शाखाको नामः- उच्च शिक्षा शाखा**

**शाखा प्रमुखको नामः- धनराज धामी**

**सम्पर्क नम्बरः- ९८४१९७५८५५**

**उच्च शिक्षा शाखाको कार्य विवरणः-**

- प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड, योजना कार्यान्वयन र नियमन

- प्रादेशिक छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण र वितरण,
- उच्च शिक्षासँग सम्बन्धित विषयमा संघ र स्थानीय सरकारसँग सम्पर्क, सहकार्य तथा समन्वय,
- उच्च शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

**उच्च शिक्षा शाखासंग सम्बन्धित गत आ.व. २०८२/८३ मा सम्पादित मुख्य मुख्य कार्यक्रमहरुको प्रगति विवरणः-**

- आ.व. २०८२/८३ मा छनौट भएका ९ जना सहित जम्मा सुदूरपश्चिम प्रदेशका ५३ जना विद्यार्थीहरुलाई चिकित्सा शिक्षा तर्फको MBBS अध्ययन छात्रवृत्ति रकम रू. ७ करोड २९ लाख ९० हजार भुक्तानी गरिएको।
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट ३ वटा क्याम्पस भवन निर्माण र २० वटा क्याम्पसहरूमा भौतिक पुर्वाधार सुधारका अन्य कार्यहरू सम्पन्न भएका। यस अन्तर्गत जम्मा रू. ४ करोड ६६ लाख खर्च भएको।
